# श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह

रामग्राम-१८ (साविक, बन्जरीया-९) नवलपरासी

प.सं. :-२०८२/०८३

च.नं. :-

**विषय :- काठ दाउरा कटान, मुछान, संकलन सम्वन्धि घटाघटको सूचना ।**

**सूचना प्रकाशन : प्रथम पटक प्रकाशन मिति : २०८२/०९/०९ गते**

यस साझेदारी वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम चालु आ. व. २०८२/०८३ मा पुनरुत्पादन तथा ढलापढा रुख कटान गर्नु पर्ने तपसिल बमोजिमका प्लटहरुमा रहेका रुखहरुको कटान, मुछान, यार्डिङ, लोडिङ, अनलोडिङ, बोका झिक्ने, रिङ काट्ने, ढुवानी गरी घाटगद्धि गर्ने, पाईलिङ गर्ने, ग्रेडिङ गर्ने र दाउरा चट्टा निर्माण गर्ने कार्यका लागी स्वीकृत जिल्ला दररेट अनुसार घटाघट प्रकृयाबाट काठ दाउरा संकलन गर्नुपर्ने भएकोले राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा लट नं. 1 C1S1-2 , लट नं.२ : C2S2-2, लट नं.३ : C3S1-8, लट नं.४ : C3S2-2 सब-कम्पार्टमेन्ट र पुनरुत्पादन कटान क्षेत्र बाहेक ढलापढा लट नं. ५ को लागि १५ दिने सूचना प्रकाशित गरिएको छ । मु. अ. करमा (भ्याट) दर्ता भएका वन पैदावारको कारोबार गर्ने मान्यता प्राप्त इच्छुक व्यक्ति, संघ, संस्था, फर्म, कम्पनी वा उद्योग व्यवसायीबाट तपसिल बमोजिमका शर्त अनुसार तपसिल बमोजिमका मितिका दिन भित्र अलग अलग प्लटको लागी अलग अलग शिलबन्दि दरभाउपत्र खरिद गरी तपसिल बमोजिम अधिकतम् मूल्यमा घटाघट गरी शिलवन्दी दरभाउपत्र दर्ता गर्नु हुन आव्हान गरिन्छ ।

## तपसिल

**१. कटान, मुछान, संकलन हुने वन पैदावारको विवरण**

| सि.नं | प्लटको नाम | छपान रुख संख्या | ठेक्का नं. | उत्पादन हुने अनुमानित काठ घ.फि. | उत्पादन हुने अनुमानित दाउरा चट्टा | अनुमानित संकलन खर्च रु. | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | काठ/घ.फि. | दाउरा/चट्टा |
| १ | लट नं.१ : C1S1-2 सब-कम्पार्टमेन्ट | १०७ | १/०८२/०८३ | ४४३१.४१ | ११.९ | ६७६७२०.६२ | १५३९०३.४१ |
| २ | प्लट नं.२ : C2S2-2 सब-कम्पार्टमेन्ट | ९६ | २/०८२/०८३ | ५७६२.६५ | १२.४९ | ८८००१४.२८ | १६१५३३.९२ |
| ३ | लट नं.३ : C3S1-8 सब-कम्पार्टमेन्ट | २०७ | ३/०८२/०८३ | ७७०३.०६ | २२.०२ | ११७६३३४.२९ | २८४७८५.९८ |
| ४ | लट नं.५ : C3S2-2 सब-कम्पार्टमेन्ट | १३७ | ४/०८२/०८३ | ७४३१.३१ | १७.२६ | ११३४८३५.३५ | २२३२२४.६२ |
| ५ | लट नं. ५ ढलापढा (पुनरुत्पादन कटान बाहेक) | ७८ | ५/०८२/०८३ | ४१८३.३१ | ७.५७ | ६३८८३३.२७ | ९७९०३.२६ |

२. दरभाउपत्र फाराम विक्री वितरण गर्ने स्थान: समूहको कार्यालय र डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) ।

३. दरभाउपत्र फारम विक्री वितरण हुने मिति र समय:

**मिति : २०८२/०९/२३ गतेबाट १५ औं दिन सम्म ।**

**समय : कार्यालय समय ।**

CamScanner

# श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह

रामग्राम-१८ (साबिक, बन्जरीया-९) नवलपरासी

प.सं. :-२०८२/०८३

च.नं. :-

४. दरभाउपत्र फाराम खरिद गर्नको लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मञ्जुरीनामा निवेदन साथ पेश गर्नु पर्नेछ । निवेदन साथ अन्य आवश्यक कागजातहरु संलग्न हुनु पर्नेछ ।

५. बोलपत्र साथ आफूले कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस समूहको नवलपरासी स्थित रा. वा. बैंकमा रहेको खाता नं. ३१००१००००४४२२००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा यस समूहको नाममा ६ महिना भन्दा बढि अवधिको सक्कल बैंक जमानत समावेश हुनु पर्नेछ । नगद धरौटीलाई मान्याता दिइनेछैन ।

६. दरभाउपत्र फाराम रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस समूहको कार्यालयबाट वा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद गर्न सकिनेछ ।

७. दरभाउपत्र समूहको कार्यालयमा देहाय बमोजिम मितिमा दर्ता गर्न सकिने छ ।

**मिति** : २०८२/०९/२४ गते १६ औं दिन ।

**समय** : दिनको ३ : ०० बजे भित्र दर्ता गर्नु पर्नेछ ।

८. कटान मुछान हुने वन क्षेत्र समुह कार्यालयमा सम्पर्क राखी सम्बन्धीत प्लटहरुमा गई हेर्न सकिनेछ ।

९. घटाघट प्रक्रियामा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्र, कारोवार दर्ता प्रमाणपत्र, मु. अ. कर दर्ता प्रमाणपत्रहरुको प्रतिलिपी, कर चुक्ता प्रमाण पत्र, डिभिजन वन कार्यालयमा सुचीकृत भएको प्रमाण पत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । नागरिकता वाहेकका कागजात आ. व. २०८२/०८३ सम्मको लागि रितपूर्वकको नियमित हुनु पर्नेछ ।

१०.रितपूर्वक दर्ता भएका दरभाउपत्र साझेदारी वन उपभोक्ता समूहले मिति २०८२/०९/२५ गते साक्षीहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

११. दरभाउपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको ७ दिन भित्र बुद्धशान्ती साझेदारी वन व्यवस्थापन समूह, कार्यान्वयन इकाईमा उपस्थित भई करारनामा गरी डिभिजन वन कार्यालयबाट वन प्रवेश इजाजत लिई पुनरुत्पादन कटानको कार्य शुरु गर्नु पर्नेछ । समय भित्र करारनामा गर्न नआएमा/करारनामा गरी पुनरुत्पादन कटानको कार्य शुरु नगरेमा राखेको धरौटी जफत हुनेछ ।

१२. सकार गरेको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा सकार रकम फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१३. दरभाउपत्र पुरै वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस समूहमा सुरक्षित रहनेछ ।

१४. दरभाउपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परे सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

१५ यस साझेदारी वन उपभोक्ता समुहको कोषमा रकम न्युन रहेको हुदा कटान कार्यमा छनौट भई कटान गर्ने फर्मलाई कटान पश्चात घाटगदी भएका काठ दाउरा बिक्रीबितरण पश्चात समुहले कटान मुछानको रकम भुक्तानी गर्ने छ ।

१७. कटान कार्यमा खटिने कामदारहरुको अनिवार्य रुपमा बिमा गराई वन क्षेत्रमा प्रवेश गराउनु पर्ने छ ।

१८. रीत नपुगी वा म्याद नाघी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१९. सूचना बमोजिम दरभाउपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वत अमान्य हुनेछ ।

२०. अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।